# राष्ट्रिय मानव अधिकार आयोगको २३ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोगका माननीय सदस्य श्री लिली थापाले दिनु भएको स्वागत मन्तव्य

राष्ट्रिय मानव अधिकार आयोगको २४ औ स्थापना दिवसका सभाअध्यक्ष राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्षज्यु,

आजको यस कार्यक्रमका प्रमुख अतिथी सम्माननीय प्रधानमन्त्रीज्यु, विभिन्न संवैधानिक आयोगका माननीय अध्यक्षज्युहरु तथा सदस्यज्युहरु

उपस्थित सबै विशिष्ट अतिथीज्यूहरु, UNDP का प्रतिनिधीज्यू, पत्रकारज्युहरु, उपस्थित मानव अधिकारका अभियन्ता साथीहरु ।

राष्ट्रिय मानव अधिकार आयोग, आफ्नो २४ औ स्थापना दिवस, आज आफ्नो संस्थाको कार्यालय रहेको भवन भुकम्पका कारण भग्नावशेष परिणत भएको छ । पुनः निमार्ण हुन सकेको छै । दुर्घटनाको डर र कार्यालयको दुर्गती देखाउन नसकेर बाध्य भई विगतको परम्परा तोड्दै यस हलमा कार्यक्रम गर्नु परेको छ । यो सभा हलमा यहाँहरु सबैलाई साथै सम्पुर्ण नागरीकको मानव अधिकारको जीम्मेवारी लीनुभएका आजको यस कार्यक्रमका प्रमुख अतिथी सम्माननिय प्रधानमन्त्रीज्युलाई यस आयोगको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

म यस संस्थामा जोडिएको पनि दुई बर्ष नाघी सकेको छ । दुई वर्षको यस संस्थासंगको सहयात्रामा आउनु अगाडि मलाई पनि एउटा doubt थियो, यस मानव अधिकार आयोग मानव अधिकार हनन् भएपछि मात्र Respond गर्छ, Investigation गर्छ, Monitoring गर्छ र Ultimately फेरी सरकारलाई नै सिफारिश मात्रै गर्छ ।

तर दुई वर्षको मेरो अनुभवले पनि यस आयोग यति सक्रिय नभएको भए सायद कत्तिले न्याय पाउने अवस्था आउने थिएन होला, कत्ति जनाले भेदभाव सहित जीवन जिउनु पर्थ्यो होला, कत्ति जनाले जातकै आधारले कोठा भाडा सम्म पनि नपाउने अवस्था सिर्जना हुन्थ्यो होला र कत्ति जनाले आफ्नो लैग्डीकता कै कारण पहिचान विना हतोत्साहीत भएर बाच्न पर्थ्यो होला ।

एक वर्ष अगाडि कुनै जिल्ला गएको वेला वर्षौ अगाडि Gang Rape मा परेर हिड्न पनि नसक्ने अवस्थाकी महिला भर्खरै आयोगको पहलमा न्याय पाउदाको अवस्थामा अब म बाच्न चाहन्छु भन्दाको भावना र त्यती मात्र नभई अनागरिकको अवस्थामा रहेको ति महिला लाई हाम्रै आयोगको साथीहरुको सक्रीयतामा नागरीकता बनाउदाको अनुभवले पनि, आज म यस आयोगको सार्थकता प्रति विश्वास मात्रै होइन घमण्ड नै गर्दछु ।

यसको लागि यस आयोगका पूर्व पदाधिकारी, कर्मचारी साथै हाल सक्रिय भएका Civil Society र सम्पुर्ण मानव अधिकार रक्षक प्रति आभार पनि व्यक्त गर्न चाहन्छौं ।

जस्ले मानव अधिकारको संरक्षणको लागी काम गर्दा कुनै पद प्रतिष्ठामा वसेको व्यक्ति भनेन, कुनै Particular जात, धर्म, लीङ्ग नभनी मानवअधिकार संरक्षण र प्रवर्द्धनको लागी निष्पक्ष रुपमा कार्य गर्न सक्षम छन् र सो कार्यको निरज्तरको लागी पनि शुभकामना दिन चाहन्छु ।

Martin Luther King Junior ले भनेका छन् ः-

Injustice anywhere is Threat to justice everywhere

भनेको जस्तै मानव अधिकार प्रति Ignore गर्दा अपेक्षा गर्दा अथवा भनौ Priority नै नगर्दा आउन सक्ने सम्भावित चुनौती सामाजिक सदभाव विग्रन सक्ने र ब्यक्ति विशेषको मात्र नभई राज्य कै पहिचान तथा अन्तरराष्ट्रिय छवी प्रति आउन सक्ने नकारात्मक असर पर्न सक्ने कुरामा मलाई लाग्छ शायद यहाँ उपस्थित हामी सवै प्रष्ट नै छ '।

कुरा त्यति हो, कति लागु गर्छौं गर्दैनौ वा कति आफुले बोलेका Commitment पुरा गर्छौ गर्दैनो भन्ने कुराको मुल्याङ्कन अरुले भन्दा पनि आफ्नै Instinct ले बताउछ भन्ने कुरा त भगवान बुद्धले पनि भनेका छन् ।

यति तिमि आफुलाई चिन्न चाहान्छौ भने विगतलाई नियाल

Confucius, do not impose on others what you yourself don't desire

सायद यो कुरा आजको मानव अधिकारको अवस्था हेर्दा न्याय प्राप्ती गर्नु पर्दा Impurity Culture देख्दा बुधको वचन लाई हामी सबैले मनन गर्नु पर्ने एकदम नै सान्दभिकता छ जस्तो लाग्छ ।

आज आयोगको २४ औ वर्षमा आईपुगेको यस पुनित अवसरमा सम्पूर्ण मानव अधिकार आयोगको Team को तर्फ बाट यो भन्न चाहान्छु ।

संरचना होस नहोस
श्रोत पर्याप्त होस या नहोस
कुनै ठुलो र सानो Status बनाउने गरी यस आयोग र यस सँग सम्वन्धीत हामी सवै तथस्ट भई मानव अधिकार संस्कृतिको विकासमा प्रतिबध छौ भन्ने पनि म जानकारी गराउन चाहान्छु ।

अन्त्यमा यस मानव अधिकार आयोग विगतमा झै हरेकको सामाजिक सास्कृतिक धार्मिक वा राजनैतिक अधिकारको लागि यहाँ हरु सँग साथसाथै रहने प्रतिबद्धता का साथ आज यस कार्यक्रममा उपस्तिथ सम्पूर्ण मानव अधिकार प्रति आस्था राख्ने अभियान्ता साथीहरुको साथै आजको प्रमुख अतिथि सम्माननीय प्रत्रानमन्त्री ज्यूलाई पुन स्वागत गर्दै बिदा हुन्छु ।

**धन्यबाद**